**ऋषिङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को नीति तथा कार्यक्रम**

गाउँसभाका उपाध्यक्षज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

वडाध्यक्षज्यूहरु,

गाउँ कार्यपालिकाका सदस्यज्यूहरु,

गाउँसभाका सम्पूर्ण सदस्य ज्युहरु,

कर्मचारीज्यूहरु,

पत्रकार साथीहरु ।

सम्पूर्ण विश्व नै कोभिड १९ को महामारीको चपेटामा परेको यस चुनौतिपूर्ण अवस्थामा ऋषिङ्ग गाउँपालिकाको गाउँ सभामा आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

कोरोना भाइरसको त्रासदीपूर्ण महामारीबाट ज्यान गुमाउनुहुने सम्पूर्ण प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले विगत लामो समयदेखी गरेको गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति उच्च सम्मान एवं हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । साथै आन्दोलनको क्रममा घाइते हुनु भएका सवैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । हालै देशका विभिन्न ठाउँहरुमा बाढी पहिरो लगायतका विपदबाट ज्यान गुमाउनुहुने जनहरुप्रति हार्दिक श्रद्धाञ्जली एवं घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संघीयताको कार्यान्वयनसँगै स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरुको संलग्नतामा स्थानीय शासन, विकास र सेवाप्रवाहका कार्यहरु हुन थालेको पनि ४ वर्ष पुरा भइसकेको छ । यस समयमा ऋषिङ्ग गाउँपालिकाको संस्थागत विकास, कानूनी पूर्वाधार, जनशक्तिको व्यवस्था, भौतिक पूर्वाधार विकास लगायतका क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको छ । प्राप्त उपलब्धिहरुको संरक्षण एवं सम्वर्द्धन गर्दै समृद्ध ऋषिङ्ग स्थापना गर्नका लागि सम्पूर्ण प्रयासहरु केन्द्रित गरिएको छ ।

अब म क्षेत्रगतरुपमा आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा स्वास्थ्य प्रणालीमा सुधार**

१. कोभिड-१९ को महामारीबाट बच्न सचेतनामूलक कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।हात धुने बानीको विकास, मास्क, सेनिटाइजरको प्रयोग, भौतिक दुरी कायम गर्ने लगायतका स्वास्थ्य

मापदण्डहरुको पालनालाई प्रोत्साहन गर्न महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ । जनतासँग स्वास्थ्यकर्मी अभियान सञ्चालन गरी टोलटोलमा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२. ऋषिङ्ग गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई कोरोना भाईरस विरुद्धको खोप लगाउन प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ । कोरोना भाइरसको नयाँ भेरियन्टको विकास भई झन झन प्रतिकूल अवस्था सृजना भइरहेको परिस्थितिलाई दृष्टिगत गर्दै हाल सञ्चालनमा रहेका आइसोलेसन सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाइनेछ । ऋषिङ्ग गाउँपालिकाको वडा नं. ४ स्थित भिरकोट स्वास्थ्य चौकीमा सञ्चालित आइसोलेसन सेन्टरमा चौबिसै घण्टा मेडिकल अधिकृत उपलब्ध हुने गरी सेवा सूचारु गरिनेछ । ऋषिङ्ग गाउँपालिकाको वडा नं. ८ स्थित रानीपोखरी र ऋषिङ्ग गाउँपालिकाको वडा नं. १ स्थित झापुटारमा थप १/१ वटा आइसोलेसन सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

३. नेपालको संविधानले जनताको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यो मौलिक हकको कार्यान्वयनलाई सुनिश्चित गर्नका लागि नेपाल सरकारद्वारा स्वीकृत स्वास्थ्य संस्थाहरुको अतिरिक्त स्वास्थ्य संस्थाहरुबाट टाढा रहेका वस्तीहरुको अध्ययन गरी आवश्यकता अनुसार थप स्वास्थ्य इकाईहरु सञ्चालनमा ल्याइनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्न वार्षिक रुपमा एक पटक प्रोत्साहन रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. ऋषिङ्ग गाउँपालिकाको वडा नं. ४ स्थित भिरकोट स्वास्थ्य चौकी रहेको स्थानमा जग्गाको व्यवस्था गरी १० शैय्याको आधारभूत अस्पताल निर्माण कार्यका लागि बोलपत्र आव्हान भई सम्झौता समेत सम्पन्न भईसकेको छ । उक्त अस्पताल निर्माण कार्यलाई द्रुत गतिमा अगाडी बढाइनेछ ।

५. नेपाल सरकार सशर्त अनुदान अन्तर्गत प्राप्त बहुक्षेत्रीय पोषण कार्यक्रम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम, परिवार कल्याण कार्यक्रम, आयुर्वेद सेवा कार्यक्रम, स्वास्थ्य शिक्षा, उपचारात्मक सेवा, महामारी रोग नियन्त्रण लगायतका कार्यक्रमहरुलाई प्रभावकारी तवरले कार्यान्वयन गरिनेछ ।

६. कोरोना महामारीको रोकथाम तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

७. आगामी आर्थिक वर्षमा ऋषिङ्ग गाउँपालिकाको प्रत्येक वडामा निशुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

८. ऋषिङ्ग गाउँपालिकामा एक वटा स्वास्थ्य प्रयोगशाला स्थापना गरी निदानात्मक एवं उपचारात्मक सेवालाई थप प्रभावकारी बनाइनेछ ।

**शिक्षा**

९. कोरोना महामारीको कारणले शैक्षिक संस्थाहरु सूचारु हुन सकेका छैनन् । कोरोनाको महामारी कहिलेसम्म लम्बिने हो भन्ने कुरा पनि निश्चित हुन नसकेकोले बैकल्पिक प्रणालीबाट शैक्षिक गतिविधिहरु सञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक एवं विद्यार्थीहरुसँग समन्वय र छलफल गरिनेछ ।

१०. ऋषिङ्ग गाउँपालिकामा एउटा प्राविधिक शिक्षालय स्थापना गर्न प्रक्रिया अगाडी बढाइनेछ । एस.ई.ई. परीक्षामा सहभागि हुने विद्यार्थीहरुलाई लक्षित गरी निशुल्क कोचिङ्ग कक्षा सञ्चालनमा ल्याइनेछ ।

११. माध्यमिक विद्यालयहरुमा लेखा व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँपालिकाको ७० प्रतिशत र विद्यालयको ३० प्रतिशत साझेदारी रहने गरी ल्यापटप खरिद गरी उपलब्ध गराइनेछ ।

१२. विद्यालयहरुमा कार्यरत महिला शिक्षक प्रसुति विदामा रहेको अवधिसम्मका लागि विद्यालयको पठनपाठनमा बाधा नपुगोस भनि शिक्षक करारमा भर्ना गरी शोधभर्ना उपलब्ध गराउने नीति लिइनेछ ।

१३. ऋषिङ्ग गाउँपालिकाभित्रका विद्यालयहरुबाट माध्यमिक तहको परीक्षा उत्तीर्ण गरी स्नातक एवं स्नातकोत्तर तहमा प्रथम श्रेणीमा उत्तीर्ण हुन सफल विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ ।

१४. नेपाल सरकार सशर्त अनुदान अन्तर्गतका दिवा खाजा कार्यक्रम, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण, शिक्षण सिकाइ सामाग्री व्यवस्थापन अनुदान, छात्रवृत्ति लगायतका कार्यक्रमहरुलाई प्रभावकारी तवरले सञ्चालन गर्न विद्यालयहरुसँग समन्वय गरिनेछ ।

१५. माध्यमिक विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक करारमा भर्ना गर्न दिइँदै आएको शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिइनेछ ।

१६. ऋषिङ्ग गाउँपालिका **"अध्यक्ष शैक्षिक सुधार कार्यक्रम"** अन्तर्गत प्रारम्भिक बाल विकासमा अध्ययनरत बालबालिकाहरुलाई कापी, कलम लगायतका शैक्षिक सामाग्रीहरु वितरण गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१७. निर्माणाधीन सोलुङ्ग, बोचादी धारादी, सिरकोट, रुपटार लगायतका खानेपानी योजनाहरु आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरिनेछ ।

१८. **"एक घर एक धारा तथा सरसफाई कार्यक्रम"** लाई अभियानकै रुपमा अघि बढाइनेछ ।

१९. मुहान संरक्षण तथा सुधार, पोखरी निर्माण, वृक्षारोपण जस्ता कार्यक्रमहरु सञ्चालन गरी खानेपानीको स्रोत संरक्षण गरिनेछ ।

२०. विगतमा निर्माण गरिएका सार्वजनिक शौचालयहरुको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । आवश्यकताका आधारमा थप सार्वजनिक शौचालयहरुको निर्माण गरिनेछ । गरिब तथा विपन्न नागरिकहरुलाई व्यवस्थित शौचालय निर्माणका लागि अनुदानको व्यवस्था गरिनेछ ।

२१. टोल सुधार समितिहरु गठन गरी घर वरपरको वातावरण, बाटोघाटो, सार्वजनिक स्थल आदिको नियमित रुपमा सरसफाई गरी स्वच्छ र सुन्दर ऋषिङ्ग निर्माण गर्ने कार्यलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ । हरेक महिनाको कम्तीमा ३ दिन ऋषिङ्ग गाउँपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरु स्वयं आँफै टोल तथा बस्ती सरसफाईमा संलग्न हुनुपर्ने व्यवस्था गरिनेछ ।

२२. सम्भाव्यताका आधारमा बोरिङ्ग खानेपानी योजनाहरु सञ्चालन गरी खानेपानीको श्रोतको अभावको परिपूर्ति गर्न प्रदेश सरकारसँगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**यातायात पूर्वाधार**

२३. राष्ट्रिय लोकमार्ग र ऋषिङ्ग गाउँपालिकाको केन्द्र जोड्ने श्रृंगपथ, झापुटार काहुँ चालिसे सडकलाई रणनीतिक सडकको रुपमा लिई प्रदेश तथा संघ सरकारसँगको साझेदारीमा कालोपत्रे गर्ने योजनालाई आगामी आर्थिक वर्षमै सम्पन्न गर्न पहल गरिनेछ ।

२४. ऋषिङ्ग गाउँपालिकाको प्रत्येक वडाहरुको केन्द्रबाट ऋषिङ्ग गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई सुधार तथा स्तरोन्नति गर्न प्राथिमकताका साथ कार्य अघि बढाइनेछ ।

२५. सुँडे-दुबुङ्ग-खल्डुभञ्ज्याङ्ग, ढुंगाडे-सपाङ्ग्दी-रुपटार, ऋषिङ्गपाटन-पल्टयाङ्ग-ऐरी, श्रृंगशान्ति, दुलेगौंडा पालिङ्गटार सिरकोट, कान्छे लगायत अन्य सडकहरुलाई सुधार तथा स्तरोन्नति गरी कालोपत्रे गर्नका लागि आवश्यक पहल गरिनेछ । यसका लागि प्रदेश सरकार तथा संघ सरकारसँग साझेदारी गरी योजना सञ्चालन गर्न प्रस्ताव गरिनेछ ।

२६. सडक निर्माणको कारण पहिरोको जोखिम सिर्जना भएका स्थानहरुको पहिचान गरी त्यस्ता ठाउँहरुमा Bio engineering का कार्यक्रमहरु सञ्चालन मार्फत पहिरोको जोखिम न्यूनीकरण गरिनेछ ।

२७. सडक निर्माणका लागि उपभोक्ताहरुलाई नगद लागत साझेदारी गर्न प्रोत्साहन गरिनेछ । गाउँपालिकाको ७० प्रतिशत र उपभोक्ताको ३० प्रतिशत साझेदारी हुने गरी सडक निर्माण तथा सुधार गर्ने प्रस्ताव आएमा त्यस्ता योजनालाई प्राथमिकतामा राखी बजेटको व्यवस्था गरिनेछ ।

**विद्युत तथा वैकल्पिक उर्जा**

२८. "**ऋषिङ्ग गाउँपालिका-उज्यालो गाउँपालिका**" भन्ने नारा सहित ऋषिङ्ग गाउँपालिकाका सम्पूर्ण वस्तीहरुमा विद्युत सुविधा पुर्‍याउने कार्य करिव सम्पन्न भइसकेको छ । विधुत सुविधा पुर्‍याउन छुटेका वस्तीहरुमा अविलम्ब विद्युत सुविधा पुर्‍याउने कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

२९. ऋषिङ्ग गाउँपालिकाका मुख्य वस्तीहरु एवं सडकहरुमा सौर्य सडक वत्ति जडान कार्यलाई निरन्तरता दिई उज्यालो गाउँपालिकाको नारालाई साकार तुल्याइनेछ ।

**संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन**

३०. स्थानीय संस्कृति तथा परम्पराहरुको संरक्षण र सम्वर्द्धनमा समुदायको सहभागिता परिचालनमा जोड दिइनेछ । ऐतिहासिक गढी, अजम्मरी माइ, रानीपोखरी, दुर्गा भवानी मन्दिर, ज्यामिरे माई, भिरकोट, गर्गेश्वर महादेवको मन्दिर, दुबुङ्ग, मनकामना मन्दिर, जनजाति संग्राहलय लगायतका पुरातात्विक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्द्धनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३१. अजम्मरी घुम्तीलाई व्यवस्थित बनाउन निर्माण गरिएको नयाँ सडक खण्डलाई थप आकर्षक बनाई पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ । अजम्बरी देखी गढी हुँदै रानीपोखरीसम्म पैदल मार्ग निर्माण कार्यलाई सम्पन्न गर्नका लागि प्रदेश तथा संघ सरकारसँगको समन्वयमा कार्य अघि बढाइनेछ । पल्टयाङ्ग दुलेगौंडा रानीपोखरी पदमार्ग निर्माण कार्य शुरुवात गरिनेछ । ऋषिङ्ग गाउँपालिकाको दुबुङ्गमा निर्माण गरिएको भ्युटावरसम्म पुग्ने पैदलमार्ग निर्माण कार्य अघि बढाइनेछ ।

३२. स्थानीय मगर, नेवार, गुरुङ्ग, दरै, कुमाल, बोटे लगायतका भाषाहरु एवं कौरा नाँच, सोरठी नाँच, झ्याउरे, पञ्चेबाजा, लाखेनाँच, कृष्ण जात्रा, मारुनी नाँच, कृष्ण नचरी, परम्परागत भजन कृतन लगायतका विशिष्ट साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्न मागमा आधारित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिनेछ ।

३३. ऋषिङ्ग गाउँपालिकाको वडा नं. ७ मा निर्माण गरिएको शहीद पार्कमा ऋषिङ्ग गाउँपालिकामा जन्म भई विगतका विभिन्न आन्दोलनहरुमा शाहदत प्राप्त गर्नुभएका शहीदहरुको शालिक राखिनेछ । ऋषिङ्ग गाउँपालिकाका अन्य सम्भाव्य स्थलहरुमा पार्क निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

३४. ऋषिङ्ग गाउँपालिकामा स्थापित होमस्टेहरुलाई सुधार र स्तरोन्नति गर्दै लगिनेछ । नयाँ होमस्टेहरुको स्थापना गर्नका लागि समुदायहरुलाई प्रोत्साहन र परिचालन गरिनेछ ।

३५. ऋषिङ्ग गाउँपालिकाको कालीगण्डकी नदीमा र्‍याफ्टिङ्ग सन्चालन गर्न आवश्यक पहल गरिनेछ ।

**कृषि तथा पशुपालन**

३६. कृषि तथा पशुपालनलाई प्रोत्साहन गरी उत्पादन तथा उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्न उत्पादनको आधारमा अनुदान दिने नीति अवलम्बन गरिनेछ ।कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरिनेछ । निर्वाहमुखी कृषिलाई व्यवसायमुखी कृषिमा रुपान्तरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३७. कृषि तथा पशुपालनमा संलग्न कृषकहरुलाई निशुल्क प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

३८. किसानको हक हित संरक्षण गर्न एवं किसानलाई सेवा, सुविधा तथा सहुलीयत उपलब्ध गराउन किसान सूचीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. कृषि बालीहरुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) को स्थापना र विकास गरी व्यावसायिक कृषिको आधारशीला तयार गरिनेछ । सुन्तलाजात फलफूल एवं बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) सञ्चालन गरी सुन्तलाजात फलफूल र बाख्राको निर्यातलाई प्रोत्साहन गरिनेछ । फलफूल विरुवा रोपणलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

४०. खेर गईरहेको बाँझो जग्गालाई उपयोगमा ल्याउन त्यस्तो जग्गामा खेती गर्न चाहने कृषकलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ । बाँझो जग्गामा वृक्षारोपण गर्न चाहने कृषकलाई निशुल्क रुपमा विरुवा उपलब्ध गराइनेछ ।

**युवा तथा खेलकुद**

४१. चालु आर्थिक वर्षदेखी शुरुवात गरिएको राष्ट्रियस्तरको ऋषिङ्ग म्याराथन प्रतियोगिता र अन्तरपालिका अध्यक्ष कप भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ । यसबाट खेलकूद संस्कृतिको विकास हुनुका साथै ऋषिङ्गको पहिचान देशभरी नै फैलिई पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने विश्वास लिइएको छ ।

४२. ऋषिङ्ग गाउँपालिकाको प्रत्येक वडामा कम्तिमा एउटा "**एक वडा एक खेलमैदान**" नीति अनुरुप खेलमैदान नभएका वडाहरुमा क्रमशः खेलमैदान निर्माण गरिनेछ ।

४३. दुर्व्यसनीमा परेका युवाहरुलाई दुर्व्यसनी त्यागी स्वस्थ्य र अनुशासित जीवन जिउन उत्प्रेरणा प्रदान गर्नका लागि मनोसामाजिक परामर्श एवं सकारात्मक सोचको विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।

४४. युवाहरुलाई व्यवसायमा आकर्षित गरी रोजगार दिलाउन सीप विकास तालिम प्रदान गरिनेछ । युवाहरुमा उद्यमशीलताको विकास र अनुसरण गर्नको लागि युवा उद्यमशील समूह गठन गरिनेछ ।

४५. युवा क्लवहरुहरुको संस्थागत क्षमता विकास गर्नका लागि भवन, फर्निचर लगायतका भौतिक पूर्वाधारहरुको विकासमा जोड दिइनेछ ।

४६. खेलकुद सामाग्रीको अभावका कारण खेल खेल्न बञ्चित बालवालिका तथा युवाहरुलाई लक्षित गरी खेलकुद सामाग्रीहरु वितरण गरिनेछ ।

४७. ऋषिङ्ग गाउँपालिकाका युवाहरुलाई संगठित गरी युवा परिषद् गठन गरिनेछ । युवा परिषद्लाई ऋषिङ्ग गाउँपालिकाको समृद्धि र विकासमा योगदान पुऱ्याउन प्रोत्साहन र परिचालन गरिनेछ ।

**समावेशी विकास**

४८. महिलाहरुलाई उद्यमशील तथा आत्मनिर्भर बनाई रोजगारी सिर्जना गर्नका लागि उपाध्यक्ष महिला रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. ऋषिङ्ग गाउँपालिकाका आमा समूहहरुको कार्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन **आमासँग जनप्रतिनिधि कार्यक्रम** सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत वृद्ध एवं असक्त आमा बुवा तथा सासु ससुरालाई राम्रो हेरचाह तथा स्याहार सुसार गर्ने **उत्कृष्ट बुहारीलाई सम्मान** गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. सुत्केरी महिलाहरुलाई पोषिलो खानेकुरा खानको लागि **सुत्केरी पोषण भत्ता** उपलब्ध गराइनेछ ।

५१. दलित समुदायको परम्परागत सीप तथा पेशाको संरक्षण र सम्वर्द्धन गरी आयआर्जन बढाउन आरन सुधार, बाजा वितरण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५२. गरिव तथा विपन्न एकल पुरुषलाई **एकल पुरुष भत्ता** उपलब्ध गराइनेछ ।

५३. अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज र सरल बनाउने हेतुले नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त नगर्ने ग र घ वर्गका अपाङ्गता भएमा व्यक्तिहरुलाई वार्षिक रुपमा एकमुष्ठ भत्ता उपलब्ध गराइनेछ ।

**सामाजिक विकास**

५४. बालविवाह न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । २० वर्ष पूरा भएपछि मात्रै विवाह गर्नुपर्ने कानूनी व्यवस्थालाई "**विहेवारी - बीस वर्ष पारी**" किशोर किशोरी तथा अभिभावकहरुसम्म पुऱ्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. ज्येष्ठ नागरिकहरुको सम्मान र सुरक्षालाई प्राथमिकतामा राखी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५६. झापुटारमा निर्माणाधीन रहेको शवदाह स्थलको निर्माण कार्य सम्पन्न गरी अन्य स्थानहरुमा रहेका शव दाहस्थलहरुलाई थप व्यवस्थित बनाउन आवश्यक पूर्वाधार तयार गरिनेछ ।

**भवन, आवास तथा बस्ती विकास**

५७. भवन निर्माण तथा नक्सापास मापदण्डमा समसामयिक संशोधन र परिमार्जन गरी व्यवस्थित बस्ती विकास तथा आवास निर्माणलाई प्रोत्साहन गरिनेछ ।

५८. आवासविहिन विपन्न ऋषिङ्ग गाउँपालिकाका नागरिकहरुलाई आवास निर्माणस्वरुप अनुदान प्रदान गरिनेछ । ऋषिङ्ग गाउँपालिकाबाट अन्यत्र गई बसोबास गरेका घरवारविहिन ऋषिङ्ग गाउँपालिकाका नागरिकहरुलाई **ऋषिङ्ग फर्क अभियान** सञ्चालन गरी ऋषिङ्गमा घर बनाई बसोबास गर्न चाहेमा घर निर्माण स्वरुप अनुदान प्रदान गरिनेछ ।

५९. खरको छाना भएका घरहरुलाई जस्तापाताले छाउनका लागि जस्तापाता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएको छ ।

६०. संघ तथा प्रदेश सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम, जनता आवास कार्यक्रम र गाउँपालिकाको आवास कार्यक्रमवीच समन्वय कायम गरी दोहोरो नपर्ने गरी नागरिकहरुलाई सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ ।

६१. बाढी, पहिरो तथा अन्य विपदजन्य जोखिममा रहेका घरहरुको पहिचान गरी त्यस्ता परिवारहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि अनुदान उपलब्ध गराइनेछ ।

**संचार तथा सूचना प्रविधि**

६२. गाउँपालिकाको सबै वडाहरु, स्वास्थ्य संस्थाहरु एवं विद्यालयहरुमा इन्टरनेट सुविधा पुऱ्याई सूचना प्रविधिमैत्री शासकीय व्यवस्था र विकासका लागि आधारशिला खडा गरिनेछ ।

६३. गाउँपालिकाको वेभसाइटलाई अद्यावधिक गर्दै, नागरिकहरुलाई वेवसाइटमार्फत अधिकतम सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ । गाउँ कार्यपालिका एवं गाउँ सभाका निर्णयहरुलाई वेभसाइटमार्फत सार्वजनिक गरिनेछ ।

**वातावरण संरक्षण**

६४. वातावरणीय स्वच्छता अभिवृद्धि गर्नका लागि वनको संरक्षण, विकास र सदुपयोग गर्न सामुदायिक वन उपभोक्ता समितिहरुलाई क्रियाशील तुल्याइनेछ ।

.६५. सडकको दायाँवायाँ हरियाली प्रवर्द्धन गर्नका लागि सम्भाव्य स्थलहरुमा वृक्षारोपण गर्ने कार्यलाई अभियानकै रुपमा अघि सारिनेछ ।

६६. घर नक्सा पास गर्दा कम्तिमा एकवटा विरुवा रोपण गर्नुपर्ने स्थानको व्यवस्था गर्नुपर्ने प्रावधान राखी त्यसको कडाइका साथ पालना गरिनेछ ।

**उद्योग**

६७. ऋषिङ्ग गाउँपालिकाको वडा नं. ५ स्थित पिपलटारमा निर्माणाधिन उद्योग ग्रामको निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाइनेछ ।

६८. लघु, घरेलु तथा साना उद्योग गर्न चाहने उद्यमीहरुलाई प्रोत्साहन गर्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरु प्राथमिकताका साथ अघि बढाइनेछ ।

**विपद् व्यवस्थापन**

६९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषको रकममा वृद्धि गरिनेछ । स्थानीय विपद् व्यवस्थापन समिति एवं वडास्तरीय विपद् व्यवस्थापन समितिहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

७०. विपद् व्यवस्थापनका लागि उद्धार तथा राहत सामाग्रीको भण्डारणलाई व्यवस्थित गरिनेछ ।

७१. विपद व्यवस्थापन चक्रलाई ध्यान दिई विपद् प्रतिकार्य योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७२. विपद जोखिम न्यूनीकरण गर्नका लागि तारजाली तथा ह्युम पाइपको व्यवस्था गरी भू-संरक्षण एवं बाढी पहिरो नियन्त्रणमा टेवा पुऱ्याइनेछ ।

७३. सडकको दायाँ वायाँ तथा अन्य स्थलहरुबाट विना अनुमति गैरकानूनी तवरले ढुंगा उत्खनन् गर्ने कार्यलाई पूर्ण रुपमा रोक लगाइनेछ । प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा वातावरणमैत्री ढंगले विकास निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

**सुशासन तथा सार्वजनिक सेवा प्रवाह**

७४. ऋषिङ्ग गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन कर्मचारीहरुलाई उत्प्रेरित गर्दै कार्यप्रणाली र कार्यप्रक्रियामा सुधार गर्दै लगिनेछ ।

७५. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका सुशासनका संयन्त्रहरुको प्रयोग गरी पारदर्शिता र सार्वजनिक उत्तरदायित्वलाई प्रवर्द्धन गरिनेछ ।

७६. आर्थिक कारोवारमा नियमितता, मितव्ययीता, कार्यदक्षता, औचित्यता र प्रभावकारिता कायम गरी सुशासन कायम गरिनेछ । बेरुजु फछ्र्यौटलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

७७. सार्वजनिक सरोकारको विषयमा सूचित हुनपाउने नागरिकको हकलाई सम्मान गरी गाउँपालिकाको सूचना तथा जानकारीहरु अधिकतम रुपमा नागरिकहरुसम्म सम्प्रेषण गर्नका लागि वेवसाइट, सामाजिक सञ्जाल, प्रेस लगायतका माध्यमहरुको भरपूर उपयोग गरिनेछ ।

७८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि,२०७७ बमोजिम ऋषिङ्ग गाउँपालिकाको स्व-मूल्याङ्कनमा उत्कृष्ट अङ्क हासिल गर्न कार्ययोजना निर्माण गरी तीव्रताका साथ कार्यसम्पादन गरिनेछ ।

७९. स्थानीय सरकारको एकल तथा साझा अधिकार क्षेत्रका विषयहरुको कार्यान्वयनलाई प्रभावकारी तुल्याउन आवश्यक नीति, कानून तथा कार्यविधिहरुको तर्जुमालाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

८०. ऋषिङ्ग गाउँपालिकाको न्यायीक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी न्याय सम्पादनलाई छिटो छरितो र चुस्त दुरुस्त तुल्याइनेछ । आवश्यकता अनुसार मेलमिलाप केन्द्रहरुको स्थापना गरी सामाजिक मेलमिलाप, सौहार्दता र भाइचाराको भावनालाई प्रगाढ तुल्याइनेछ ।

८१. विकास योजनाहरुको अनुगमन गरेर मात्र भुक्तानी दिने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । गाउँपालिकाबाट भएका विकास निर्माण लगायत सेवा प्रवाहसम्बन्धी झलकहरु नागरिकहरुसम्म यथार्थ रुपमा सम्प्रेषण गर्न फोटो प्रदर्शनी कार्यक्रम शुरुवात गरिनेछ ।

**राजश्व सुधार तथा कर प्रशासन**

८२. गाउँपालिकाको राजश्व क्षमता वढाउन राजश्व सम्भाव्यता अध्ययनको कार्यलाई अघि बढाइनेछ ।

८३. व्यवसाय करलाई कार्यान्वयन गर्न व्यवसाय दर्तालाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

८४. कर प्रशासनलाई सबल र सक्षम बनाउन निरन्तर सुधारको कार्य अघि बढाइनेछ ।

**अन्त्यमा,** ऋषिङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सघाउ पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, समाजसेवी, वुद्धिजीवि, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा पनि सम्वद्ध सबैको सहयोग रहनेछ भन्ने विश्वास व्यक्त गर्दछु । धन्यवाद ।